आज मिति २०८३ साल असार ५ गते शुक्रबार बिहान ११.०० बजे माडी नगरपालिका, नगर कार्यपालिका कार्यालयको सभाहल, बसन्तपुर, चितवनमा माडी नगरपालिकाको नगर प्रमुख श्री तारा कुमारी काजी महतोज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा चितवन जिल्ला स्थित माडी नगरपालिकाको नगर सभाको १८ औं अधिवेशन बैठक बसियो।

## उपस्थिति

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तारा कुमारी काजी महतो | नगर प्रमुख | |
| २ | खेम प्रसाद महतो | नगर उपप्रमुख | |
| ३ | डण्डपाणी पौडेल | नगर प्रवक्ता तथा वडाध्यक्ष, वडा नं. २ | |
| ४ | अमित कुमार लामा | वडाध्यक्ष, वडा नं. १ | |
| ५ | पुरन महतो | वडाध्यक्ष, वडा नं. ३ | |
| ६ | माधव प्रसाद चापागाई | वडाध्यक्ष, वडा नं. ४ | |
| ७ | गणेश प्रसाद विश्वकर्मा | वडाध्यक्ष, वडा नं. ५ | |
| ८ | दीपेन्द्र राज पौडेल | वडाध्यक्ष, वडा नं. ६ | |
| ९ | चन्द्र कुमारी बानियाँ | वडाध्यक्ष, वडा नं. ७ | |
| १० | बिरेन्द्र बहादुर भण्डारी | वडाध्यक्ष, वडा नं. ८ | |
| ११ | घनश्याम दवाडी | वडाध्यक्ष, वडा नं. ९ | |
| १२ | रिचा सुनार | कार्यपालिका सदस्य | |
| १३ | सविता महतो | कार्यपालिका सदस्य | |

| क.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | लक्ष्मी देवी भण्डारी | कार्यपालिका सदस्य | [signature] |
| १५ | सीता सुवेदी | कार्यपालिका सदस्य | [signature] |
| १६ | बिना थापा | कार्यपालिका सदस्य | [signature] |
| १७ | सन्तोष प्रसाद बोट | कार्यपालिका सदस्य | [signature] |
| १८ | कमल बहादुर भुजेल | कार्यपालिका सदस्य | [signature] |
| १९ | राज कुमार प्रजा | कार्यपालिका सदस्य | |
| २० | जय नारायण लामिछाने | वडा सदस्य, वडा नं . १ | [signature] |
| २१ | दिपेन्द्र महतो | वडा सदस्य, वडा नं . १ | [signature] |
| २२ | गुना धमला लोहार | वडा सदस्य, वडा नं . १ | |
| २३ | अप्सरा सुवेदी | वडा सदस्य, वडा नं . १ | [signature] |
| २४ | फागुराम महतो | वडा सदस्य, वडा नं . २ | [signature] |
| २५ | मनी कुमारी महतो | वडा सदस्य, वडा नं . ३ | [signature] |
| २६ | पृथ्वी चौधरी | वडा सदस्य, वडा नं . ३ | [signature] |
| २७ | हरिकला सुनार | वडा सदस्य, वडा नं . ३ | [signature] |
| २८ | सुकदेव लामिछाने | वडा सदस्य, वडा नं . ३ | [signature] |
| २९ | शंकर बहादुर कार्की | वडा सदस्य, वडा नं . ४ | [signature] |
| ३० | तारा सुनार | वडा सदस्य, वडा नं . ४ | [signature] |
| ३१ | धर्मलाल देवकोटा | वडा सदस्य, वडा नं . ४ | [signature] |
| ३२ | फिरल प्रसाद महतो | वडा सदस्य, वडा नं . ५ | [signature] |

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ३३ | ईन्द्र प्रसाद चापागाई | वडा सदस्य, वडा नं . ५ | |
| ३४ | बाल कुमारी सुवेदी | वडा सदस्य, वडा नं . ५ | |
| ३५ | बाटुली सुनार | वडा सदस्य, वडा नं . ५ | |
| ३६ | धन बहादुर कामी | वडा सदस्य, वडा नं . ६ | |
| ३७ | पूर्णकला सुनार | वडा सदस्य, वडा नं . ६ | |
| ३८ | भगवती पौडेल | वडा सदस्य, वडा नं . ६ | |
| ३९ | नारायण पावे | वडा सदस्य, वडा नं . ६ | |
| ४० | ढाकामोहन तिमिल्सिना | वडा सदस्य, वडा नं . ७ | |
| ४१ | गीता देवी वि.क. | वडा सदस्य, वडा नं . ७ | |
| ४२ | जीत बहादुर शाही | वडा सदस्य, वडा नं . ८ | |
| ४३ | अनिता आचार्य | वडा सदस्य, वडा नं . ८ | |
| ४४ | ज्ञानुमाया गायक | वडा सदस्य, वडा नं . ८ | |
| ४५ | सन्दिप कुमार श्रेष्ठ | वडा सदस्य, वडा नं . ८ | |
| ४६ | नारायणदत्त अधिकारी | वडा सदस्य, वडा नं . ९ | |
| ४७ | हरिमाया वि.क. | वडा सदस्य, वडा नं . ९ | |
| ४८ | मोहन सिंह स्याङ्तान | वडा सदस्य, वडा नं . ९ | |
| ४९ | जगत प्रसाद भुसाल | सचिव | |
| ५० | बाबुराम सुवेदी<br>आमन्त्रित सदस्य | जि.स.स.सदस्य | |

<u>१८ औ नगरसभाको पहिलो बैठकका निर्णयहरु</u>

निर्णय नं.१. नगरसभामा नगर प्रमुख ज्युले पेश गर्नुभएको आ.व. २०८३/०८४ को लागि माडी नगरपालिकाको नीति तथा कार्यक्रम स्वीकृत गर्ने ।


निर्णय नं.२. माडी नगरपालिकाको १८ औं नगरसभाको दोस्रो बैठक २०८३ असार १० गते दिनको २ बजे नगरपालिकाको सभाहलमा बस्नेगरी आह्वान गर्ने।

तारा कुमारी काजी महतो
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
माडी नगरपालिका
बसन्तपुर,चितवन
बागमती प्रदेश,नेपाल
२०७३

# माडी नगरपालिका

## चितवन



### आर्थिक वर्ष २०८३/०८४ को

# नीति तथा कार्यक्रम

*(Policies and Programs for the Fiscal Year 2083/084 )*

## MADI MUNICIPALITY, CHITWAN

**माडी नगरपालिकाको अठारौं नगर सभामा नगर प्रमुख श्री तारा कुमारी काजी महतोज्यूले पेस गर्नु भएको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम**

**सम्मानित नगर सभाका सदस्यज्यूहरू,**

माडी नगरपालिकाको अठारौं गरिमामय नगर सभाको शुभ अवसरमा, सर्वप्रथम देशको लोकतान्त्रिक आन्दोलनमा आफ्नो प्राण उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। हामी "समृद्ध माडी र सुखी माडीवासी" को साझा सङ्कल्पलाई हृदयङ्गम गर्दै स्थानीय सरकारको दोस्रो कार्यकालको अन्तिम वर्षको यात्रामा हाम्रा सिकाइहरूलाई अझ प्रखर बनाउँदै समृद्धिको अपेक्षित उपलब्धि हासिल गर्न दृढताका साथ अगाडि बढिरहेका छौं । हालसम्म प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै थप गतिशीलता, सिर्जनशीलता र कार्यदक्षताका साथ नगरपालिकालाई नयाँ उचाइमा पुर्‍याउनु नै यस नीति तथा कार्यक्रमको मुख्य ध्येय हो । विगतका वर्षहरूमा जस्तै आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरणीय संरक्षण र विपद् व्यवस्थापन, सुशासन तथा संस्थागत सुदृढीकरणलाई हामीले प्राथमिकताको केन्द्रमा राखेका छौं । विशेष गरी कृषि, पशुपालन र पर्यटनको क्षेत्रमा पूर्वाधार निर्माण र मानव विकासमार्फत "सम्पदा सम्पन्न माडी नगर, इको-कृषि र पर्यटनको सहर" को दीर्घकालीन सोचलाई मूर्तरूप दिन यो नीति तथा कार्यक्रमले उल्लेख्य योगदान पुर्‍याउने विश्वास लिएको छु ।

अब म आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा लिइएका आधारहरू प्रस्तुत गर्न अनुमति चाहन्छुः

१) नेपालको संविधानको प्रस्तावना, भाग १८ र १९, अनुसूची ८ को एकल अधिकार सूची र अनुसूची ९ ले निर्दिष्ट गरेका साझा अधिकार सूचीहरू, मौलिक हकहरू, राज्यका निर्देशक सिद्धान्त र नीतिहरू,

२) सङ्घीय सरकार र प्रदेश सरकारले अङ्गीकार गरेका आर्थिक तथा वित्तीय नीतिहरू,

३) नेपाल सरकारबाट स्वीकृत सङ्घ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,

४) स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संसोधन सहित),

५) माडी नगरपालिकाको आवधिक योजना,

६) संघीय सरकारबाट प्राप्त बजेट र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरू,

७) सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरू,

८) राजस्व परामर्श समितिको प्रतिवेदन,

तारा कुमारी काजी महतो
नगर प्रमुख

९) स्रोत तथा बजेट सीमा निर्धारण समितिको स्रोत तथा बजेट अनुमानहरू,

१०) बजेट तथा योजना तर्जुमा समिति तथा विषयगत समितिहरूले दिएका सिफारिसहरू,

११) विगत वर्षहरूमा सम्पन्न भएका नगर सभा बैठकहरूबाट भएका निर्णयहरू,

१२) नगर कार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरू,

१३) विभिन्न विषयगत शाखाहरूबाट प्राप्त राय सल्लाह तथा सुझावहरू

१४) दिगो विकासका लक्ष्यहरू

१५) सरोकारवाला पक्षहरूबाट विभिन्न माध्यमबाट प्राप्त भएका अभिमतहरू ।

नगर सभाका सदस्यज्यूहरू,

अब म आगामी आर्थिक वर्ष २०८३/८४ को लागि प्रस्तावित नीति तथा कार्यक्रमहरू यस सभासमक्ष प्रस्तुत गर्न चाहन्छु ।

"सम्पदा सम्पन्न माडी नगर, इको-कृषि र पर्यटनको सहर" को दीर्घकालीन दृष्टिकोण अनुसार निम्न उद्देश्यहरू लिइएको र क्षेत्रगत एवं विषयगत नीतिहरू तयार गरिएको बेहोरा निवेदन गर्न चाहन्छुः

**१. कृषि र पर्यटन विकासमार्फत नागरिकको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउने ।**

**२.नागरिकलाई प्रभावकारी सेवा प्रवाह, आर्थिक समृद्धि र स्थानीय सुशासन सुनिश्चित गर्ने।**

**३. "माडी नगर" लाई समृद्ध र समुन्नत नगरको रूपमा संस्थागत गर्दै लैजाने ।**

नगर सभाका सदस्यज्यूहरू,

अव म आर्थिक विकास विषयगत क्षेत्रतर्फको नीति तथा कार्यक्रमहरू पेस गर्न अनुमति चाहन्छु

१. व्यवसायिक पशुपालनः आत्मनिर्भर पशुजन्य उत्पादन भन्ने मूल नाराका साथ पशुपन्छी तथा मत्य विकास सम्बन्धी नीति तथा कार्यक्रमहरू तर्जुमा गरिनेछ ।

२. खोरेत मुक्त सेतो माडी अभियानलाई आत्मसाथ गर्दै नगरक्षेत्र भित्र वार्षिक रूपमा दुध उत्पादन तथा बजारीकरण गर्ने कृषकलाई प्रोत्साहन स्वरूप दिँदै आएको उत्पादनमा आधारित दुधमा अनुदान कार्यक्रमलाई निरन्तरता दिईने छ, साथै उत्पादनमा आधारित अनुदान कार्यक्रम मार्फत सबै पशुपन्छी तथा मत्स्यपालक कृषकहरूलाई समानुपातिक रूपमा प्रोत्साहन गरिनेछ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

३. पशुहरूमा देखा पर्ने विभिन्न संक्रामक रोगहरूलाई न्यूनिकरण गर्दै खोरेत, भ्यागुते, चरचरे, पि.पि.आर., बंगुरको हैजा जस्ता रोगहरू विरुद्ध निःशुल्क खोप कार्यक्रमलाई निरन्तरता दिदै आवश्यकताको आधारमा निःशुल्क रूपमा घुम्ती पशु स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरिनेछ।

४. मानिसबाट पशुमा र पशुबाट मानिसमा सर्ने विभिन्न किसिमका जुनोटिक रोग सम्बन्धी स्कुल शिक्षा कार्यक्रम र विभिन्न दिवसहरू सम्बन्धी कार्यक्रम मार्फत समुदायमा जनचेतना अभिवृद्धि गरिने खालका कार्यक्रमहरू सञ्चालन गरी एक स्वास्थ्य रणनीति अवलम्बन गर्दै स्वस्थ पशुपालन र स्वस्थकर पशुजन्य उत्पादनमा जोड दिइनेछ।

५. नवीनतम सोचका साथ पशुपन्छी तथा मत्स्यपालन व्यवसायमा जोडिएका नव उद्यमीहरूको लागि क्षमता अभिवृद्धि गर्ने खालका सीपमूलक तथा व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

६. नगरपालिका क्षेत्रभित्रका दुग्ध उत्पादक सहकारी, समुहहरूसँग समन्वय गर्दै बाँझोपन निवारण सम्बन्धी घरदैलो शिविर र हर्ड हेल्थ कार्यक्रम सन्चालन गरिनेछ।

७. पशुहरूमा प्रजनन् व्यवस्थापन तथा नश्ल सुधार, प्रसार सेवा, प्रविधि र प्राविधिक सेवा, उचित बजारीकरणको व्यवस्था मिलाई न्यून लागतमा पशुपन्छी तथा मत्स्यजन्य उत्पादन वृद्धि गर्ने नीति लिईनेछ; साथै घाँसमा आधारित पशुपालनमा जोड दिँदै उन्नत जातको हरियो घाँस विस्तार कार्यक्रम संचालन गरिनेछ।

८. पशुपन्छी तथा मत्स्य उपचार सेवालाइ थप प्रभावकारी र व्यवस्थित बनाउन भेटेरिनरी अस्पतालको ल्याब सेवालाई विस्तार गरी Culture र AST सहितको सेवा प्रवाह गरिने छ; साथै सेवा केन्द्रको स्तरोन्नति गर्दै थप सेवा केन्द्र विस्तार गरिनेछ।

९. रेविज मुक्त माडी नगरपालिका निर्माणको लागि मानव स्वास्थ्य तथा वातावरणसँग जोडिएको रेबिज रोगलाई न्यूनिकरण गर्नको लागि सामुदायिक कुकुरहरूमा निःशुल्क रेबिज रोग विरूद्धको खोप तथा बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१०. व्यावसायिक कृषिः माडीको समृद्धिको मान्यतालाई आत्मसात् गर्दै कृषि क्षेत्रको तथ्याङ्क व्यवस्थापन तथा कृषक पहिचान गरी योजना तथा कार्यक्रमहरूलाई तथ्यमा आधारित बनाइनेछ।

११. कृषि उत्पादन लागत न्यूनीकरण तथा उत्पादन वृद्धि गर्न कृषिमा आधुनिक यन्त्र तथा उपकरणहरूको प्रयोगलाई विस्तार गरिनेछ ।

१२. कृषि उत्पादनको मूल आधार, सिँचाइ प्रणालीमा सुधार भन्ने मान्यतालाई आत्मसात गरी सिँचाइ पूर्वाधारको विकासलाई निरन्तरता दिइनेछ।

१३. कृषक, कृषक समूह, कृषि सहकारीको क्षमता विकास र संस्थागत सुदृढीकरण गरी कृषि कार्यक्रमहरूमा साना तथा मध्यम किसानहरूको पहुँच अभिवृद्धि गरिनेछ।

१४. स्थानीय रैथाने बाली तथा कृषि जैविक विविधताको संरक्षण र प्रवर्द्धनको लागि प्राङ्गारिक खेतीमा जोड दिइनेछ; साथै जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलनका लागि जलवायुमैत्री कृषि प्रविधिलाई प्रोत्साहित गरिनेछ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

१५. कृषि उपजको संकलन, भण्डारण, प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ तथा बजारीकरणका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ।

१६. बाँझो जमिनको न्यूनीकरण गरी युवा र खेतीयोग्य जग्गा नहुने विपन्न तथा गरिब किसानलाई व्यवसायिक खेतीतर्फ आकर्षित गर्न भूमि बैंकको अवधारणालाई आत्मसात् गरिनेछ ।

१७. उत्पादन, उत्पादकत्व, मूल्य अभिवृद्धि र बजारीकरणलाई कृषि विकासको मुख्य आधार बनाउँदै माडी नगरपालिकालाई आत्मनिर्भर, प्रतिस्पर्धी तथा दिगो कृषि अर्थतन्त्रतर्फ उन्मुख गरिनेछ।

१८. बेरोजगार तथा तालिम लिएका व्यक्तिहरूको अभिलेखीकरण गर्न रोजगार व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी तथ्याङ्क अद्यावधिक गरिनेछ।

१९. गरिब, विपन्न लगायत आर्थिक रूपले पछाडि परेका परिवारलाई आयमूलक कार्यक्रममा आबद्ध गरिनेछ।

२०. नगरपालिकाभित्र सूचीकृत बेरोजगार व्यक्तिहरूलाई सार्वजनिक पूर्वाधार निर्माणका कार्यहरूमा बढीभन्दा बढी संलग्न गराई अल्पकालीन रोजगारीको अवसर प्रदान गरिनेछ।

२१. औपचारिक-अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन पहल गरिनेछ ।

२२. सहकारी संस्थाहरूको नियमन तथा सहकारी शिक्षा एवं सचेतना विकासका प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

२३. नियमित रूपमा प्रगति विवरण पेस गर्न नसक्ने र न्यूनतम पूर्वाधार नै नभएका र सञ्चालनमा आउन नसकेका निष्क्रिय सहकारी संस्थाहरूलाई लिक्विडेसनमा लैजाने प्रक्रियाको थालनी गरिनेछ ।

२४. स्व-घोषणाका आधारमा मर्जरका लागि निवेदन दिने सहकारी संस्थाहरूलाई एकीकरण गर्ने कार्यमा सहजीकरण गरिनेछ।

२५. सहकारी संस्थाको रकम अपचलन गर्ने सहकारी संस्था वा व्यक्तिलाई नगरपालिकावाट उपलब्ध हुने सेवा, सुविधा तथा सहुलियतहरूबाट वञ्चित गराई कालोसूचीमा राखे तथा कडाइका साथ निगरानी गर्ने व्यवस्था मिलाइनेछ।

२६. सहकारीहरूको लागि सहकारी संस्थाहरूसँगको सहकार्यमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२७. कानुनमा प्रवधान भएको भन्दा बढी सेवा शुल्क ब्याज तथा हर्जना असुल गर्ने सहकारीलाई कारवाहीको दायरामा ल्याइने छ ।

२८. लघुउद्यम आत्मनिर्भरताको बाटो भन्ने मान्यतालाई आत्मसात् गर्दै उद्यमशीलताको प्रवर्द्धन गरी नगरपालिकाबाट सञ्चालित कृषि तथा पशु विकास सम्वन्धी तालिम कार्यक्रमहरूलाई लघुउद्यम विकास मोडलबाट सञ्चालन गरिनेछ ।

२९. विगतदेखि सञ्चालनमा रहेका लघुउद्यमीहरूलाई उनीहरूको ज्ञान, सीप र क्षमता पहिचान गरी स्तरोन्नति गर्ने व्यवस्था मिलाइनेछ।

३०. लघुउद्यममा संलग्न समूहलाई प्रविधि हस्तान्तरण गरी नयाँ प्रविधिको प्रयोगद्वारा उत्पादन लागत घटाउने र गुणस्तर बढाउने व्यवस्था मिलाइनेछ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

३१. माडीबासीको तन, मन र धनः मौलिक कला, संस्कृति, सम्पदा र पर्यापर्यटन भन्ने नारालाई आत्मासाथ गर्दै माडीको पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

३२. माडीलाई धार्मिक, सांस्कृतिक, प्राकृतिक, कृषि, र वन्यजन्तु पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गरिनेछ तथा यहाँका पर्यटकीय सम्पदाहरूको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

३३. पर्यटन प्रवर्द्धनका लागि पदयात्रा अभियानलाई प्रभावकारी बनाउँदै हाइकिङ रुटहरूको नक्साङ्कन, विकास, तथा विविध पर्यटकीय प्याकेज मार्फत् पर्यटकको बसाइ अवधि वृद्धि गर्न पहल गरिनेछ ।

३४. पुरातात्विक महत्वका सम्पदाहरूको संरक्षणका लागि पुरातत्व विभागसँगको सहकार्यलाई मजवुत तुल्याइनेछ । यस्ता सम्पदाहरूको अभिलेखाकंनका लागि अभिलेख सङ्ग्रहालयसँग सहकार्य गरिनेछ ।

३५. होमस्टे तथा फार्मस्टे मार्फत् पर्यटनमा सामुदायिक सहभागितालाई प्राथमितकता दिइनेछ । होमस्टे सञ्चालकहरूका आतिथ्य र हार्दिकता विकासका लागि अन्य सफल होमस्टेहरूसँग सिकाई आदानप्रदानको व्यवस्था मिलाइनेछ ।

३६. पर्यटकीय पोर्टल Explore Madi को विस्तारित प्रयोगमा जोड दिइनेछ ।

सम्मानित सभाका सदस्यज्यूहरू, अब म सामाजिक विकास विषयगत क्षेत्रतर्फको नीति तथा कार्यक्रम पेस गर्न अनुमति चाहन्छु ।

३७. स्वस्थ माडी समृद्ध माडीः गुणस्तरीय स्वास्थ्य सेवामा सदैव अगाडि भन्ने मूल नाराका साथ स्वस्थ माडीको अभियान सञ्चालन गरिनेछ ।

३८. बढ्दो मानसिक स्वास्थ्यको समस्यालाई मध्यनजर गरी मानसिक स्वास्थ्य उपशाखाको व्यवस्थापनसँगै नीति निर्माण गरी मानसिक स्वास्थ्य कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ ।

३९. स्वास्थ्य ,महिला तथा बालबालिका, शिक्षा, खानेपानी तथा सरसफाई , कृषि, पशुपन्छी, र शासकीय प्रबन्ध जस्ता क्षेत्रहरूलाई समेटी पोषणमैत्री स्थानीय शासनको अवधारणालाई कार्यान्वयनमा लगिनेछ ।

४०. सर्ने तथा नसर्ने रोग नियन्त्रणका लागि घरदैलो स्वास्थ्य सेवा सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

४१. स्वास्थ्य संस्था तथा विद्यालय नर्सबाट दिइने सेवाको गुणस्तर वृद्धि गरी नागरिकमा स्वास्थ्य संस्थाप्रतिको धारणा सकारात्मक तथा भरोसायोग्य बनाउने नीति अवलम्बन गरिनेछ ।

४२. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूबाट प्रदान गरिएको सेवाप्रति कृतज्ञता रहँदै उचित सम्मान र प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

४३. अत्याधिक प्रशोधित खाना, कृत्रिम पेय पदार्थ र सुर्ती तथा सुर्तीजन्य पदार्थ र मदिराजन्य पदार्थको प्रयोग तथा बिक्री वितरणलाई नियमन गरिनेछ ।

४४. बघौडा अस्पतालको सेवा थप सुदृढीकरण गरी डाईलेसिस सेवा विस्तार र ब्लड बैंक स्थापनाका साथसाथै अन्य स्वास्थ्य संस्थाको भरपर्दो प्रेषण (रिफरल) अस्पतालको रूपमा विकास गरिनेछ ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

४५. आयुर्वेद तथा वैकल्पिक चिकित्साको बढ्दो आकर्षणलाई मध्यनजर गर्दै माडी आयुर्वेद औषधालयको सेवालाई थप गुणस्तरीय बनाउनुका साथै बालबालिकाको पोषणको निमित्त स्वर्णविन्दु प्राशन कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

४६. योग, ध्यान, प्राणायाम, व्यायाम र अध्यात्म जस्ता गतिविधिहरूलाई थप प्रोत्साहन गरी बढ्दो नसर्ने रोग तथा मानसिक समस्या न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

४७. आयुर्वेद तथा वैकल्पिक चिकित्सासँग सम्बन्धित जनतासँग जनप्रतिनिधि कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४८. खाद्य स्वच्छता र उपभोक्ता हितका लागि बजार अनुगमन कार्यलाई निरन्तरता दिइनेछ ।

४९. **माडी नगरको इच्छाः गुणस्तरीय र जीवनोपयोगी शिक्षा** भन्ने मूल नारालाई आत्मसाथ गर्दै विद्यार्थीहरूको शिक्षामा पहुँच विस्तार गरी क्षमतावान र दक्ष नागरिक निर्माण गर्दै सभ्य र मर्यादित समाजको निर्माणमा टेवा पुर्याउनका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५०. सामाजिक सुरक्षा कोषमा प्रारम्भिक बालविकास शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई आवद्धता गराई प्राप्त पदीय जिम्मेवारीलाई ऊर्जाशील र उत्पादनमूलक बनाउन विद्यालयहरूलाई प्रोत्साहित गरिनेछ ।

५१. भौगोलिक तथा सामाजिक कठिनाइ रहेको क्षेत्रमा अवस्थित विद्यार्थीहरूको शैक्षिक अवस्थाको सुधार गर्नका लागि 'अभिभावक शिक्षा कार्यक्रम' सञ्चालन गरिनेछ ।

५२. सिकाइलाई दैनिक जीवनको आयआर्जनसँग जोड्दै सीपमूलक सिकाइको प्रोत्साहन र प्रवर्द्धनमा प्राथमिकता दिइनेछ ।

५३. विद्यालय सञ्चालन तथा व्यवस्थापन खर्चको दायरालाई थप सुदृढीकरण गर्दै गुणस्तरीय शिक्षाको सुनिश्चिततालाई थप मज़बुत बनाइनेछ ।

५४. प्रारम्भिक वालविकास कक्षाहरूमा कार्यरत शिक्षकहरूको श्रेणीकरण गरी वैज्ञानिक र न्यायोचित तवरवाट प्रोत्साहन गरिनेछ ।

५५. प्रधानाध्यापक व्यवस्थापन कार्यक्रममार्फत नेतृत्व क्षमता प्राप्त शिक्षकहरूको पहिचान गरी विद्यालयहरूको संस्थागत सुधारका लागि आवश्यक पहलकदमी गरिनेछ ।

५६. विद्यालयहरुको अनुगमन तथा सुपरिवेक्षण प्रणालीलाई थप सुदृढीकरण गर्दै स्वमूल्याङ्कनको अवधारणालाई प्रोत्साहन दिइनेछ ।

५७. खेलकुदमा लगानीको दायरा फराकिलो बनाई आवश्यक पूर्वाधार निर्माण गर्दै, नगर, जिल्ला, प्रदेश र राष्ट्रियस्तरका खेलकुदमा माडीको सहभागीतालाई बढाइनेछ ।

५८. पुरस्कार र दण्डको अवधारणाको वैज्ञानिक र न्यायोचित उपयोगमार्फत शैक्षिक गुणस्तरमा सुधार ल्याउने प्रयासस्वरूप विद्यार्थी, शिक्षक तथा कर्मचारीहरूको मनोबल उच्च बनाउने कार्यक्रमहरू ल्याइनेछ ।

५९. विद्यार्थीहरूको उमेर सुहाउँदो अतिरिक्त क्रियाकलापहरूको उपयोगमार्फत प्रतिभा प्रस्फुटनको सम्भावनालाई उच्च प्राथमिकता दिइनेछ ।

६०. 'रमाइलो शुक्रवासरीय कार्यक्रम' मार्फत सिकाइ वातावरणलाई विद्यार्थीमैत्री बनाइनेछ ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

६१. शिक्षक-विद्यार्थीको वितरणको अवस्थालाई मूल्याङ्कन गरी आवश्यकता र औचित्यताको आधारमा नगर स्वयंसेवक शिक्षकको व्यवस्थापन गरिनेछ ।

६२. सामुदायिक विद्यालयहरूमा डिजिटल हाजिरी, ई-लर्निङ पोर्टल, स्मार्ट बोर्ड, कम्प्युटर ल्याब र इन्टरनेट सुविधा आदिको विस्तार गर्दै आवश्यकताका आधारमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

६३. भौगोलिक विकटता रहेको हनुमानझुला, भालुखोला, र शिरुदमार क्षेत्रमा कार्यरत शिक्षकहरूको मनोबल उच्च बनाई शैक्षिक गुणस्तरको सुधारका लागि प्रोत्साहनका कार्यक्रमहरूलाई थप सुदृढ गर्दै कार्यक्रमको निरन्तरता दिइनेछ ।

६४. माडी प्रज्ञा प्रतिष्ठान मार्फत् माडीको भाषा, साहित्य, कला, संस्कृति र इतिहासको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गरिनेछ साथै रैथाने कला संस्कृति र माडीमा रहेका अभौतिक सम्पदाहरुको सूचीकरण, संरक्षण र विकास गर्ने भूमिकालाई प्रभावकारी तुल्याइनेछ ।

६५. स्थानीय स्रष्टा, कलाकार र अनुसन्धानकर्तालाई प्रोत्साहन गर्दै सबै जातजातीको मौलिक संस्कृति र परम्परा, लोककला, लोकगीत, सङ्गीत, लोकनृत्य, किम्बदन्ती, इतिहास र सम्पदासम्बन्धी सिर्जना तथा प्रकाशनलाई प्रवर्द्धन गरिनेछ ।

६६. कला संस्कृतिको प्रवर्द्धन र सुरक्षणका लागि बागमती प्रदेशस्तरीय माडी मौलिक सांस्कृतिक उत्सव सञ्चालन गरिनेछ ।

६७. राष्ट्रिय रूपमा पहिचान बनाउन सफल माडीका कलाकारहरूलाई सम्मान गर्दै उहाँहरूको क्षमताको प्रयोग मार्फत् अन्य प्रतिभाका लागि पनि सिकाइ हुने गरी प्रतिभा प्रस्फुटन कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६८. **"मुहानदेखि मुखसम्म स्वच्छ खानेपानी"** भन्ने नाराका साथ सुरक्षित खानेपानी विस्तारका लागि पालिका र अन्य सरकारी तथा गैरसरकारी संघ/संस्थाहरूसँगको साझेदारीमा विशेष जोड दिइनेछ; साथै "एक घर, एक धारा" नीतिको कार्यान्वयनमा तीव्रता ल्याइनेछ ।

६९. प्रत्येक नागरिकको स्वच्छ तथा गुणस्तरीय खानेपानीमा पहुँच विस्तार गर्नको लागि खानेपानीका मुहान, जलस्रोत तथा संरचनाहरूको संरक्षण, मर्मत तथा स्तरोन्नति गरिनेछ ।

७०. खानेपानी योजनाहरूको दिगो व्यवस्थापनका लागि उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि गर्दै नगरस्तरीय खानेपानी बोर्ड स्थापना गरिनेछ ।

७१. पानीको गुणस्तर परीक्षण तथा नियमित अनुगमनलाई प्रभावकारी बनाउन खानेपानी परीक्षण प्रयोगशाला निर्माण गरिनेछ ।

७२. जलवायु परिवर्तनबाट खानेपानी स्रोतमा पर्ने असर न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ र वर्षातको पानी सङ्कलन तथा पानीको मितव्ययी उपयोगसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

७३. घरधुरी, विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थलमा सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गरिनेछ ।

७४. खानेपानी तथा सरसफाइ क्षेत्रमा जनचेतना, सहभागिता र व्यवहार परिवर्तनका अभियान सञ्चालन गरिनेछ साथै फोहोरमैला व्यवस्थापन, स्रोतमा नै वर्गीकरण तथा पुनःप्रयोगलाई प्रोत्साहन गरिनेछ र पूर्ण सरसफाइ अभियानलाई निरन्तरता दिँदै खुला तथा स्वच्छ सार्वजनिक स्थान निर्माण गरिनेछ ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

**७५. सामाजिक न्याय, समावेशिता र समानता : समृद्ध समाज निर्माणको न्यूनतम आवश्यकता भन्ने मूल नारालाई आत्मसाथ गर्ने नीति लिइनेछ ।**

७६. महिलाहरूको क्षमता अभिवृद्धि कार्यक्रम, नेतृत्व तहमा पहुँच अभिवृद्धि, व्यक्तित्व विकास तथा कानुनी साक्षरता र मनोसामाजिक परामर्श कार्यक्रम जस्ता महिला लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७७. दलित तथा सीमान्तीकृत समुदायको सशक्तीकरण कार्यक्रम मार्फत् आयआर्जन वृद्धि गरिनुका साथै परम्परागत सिप पेशा र संस्कृतिलाई संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै समतामूलक समाज निर्माण गर्ने नीति लिईनेछ । विभेदरहित समाज निर्माण गर्न दलित र गैरदलित बीच हुने अन्तरजातीय वैवाहिक सम्वन्धलाई सुदृढ बनाउन आर्थिक सहायता गरिनेछ।

७८. आदिवासी तथा जनजातिहरूको परम्परागत सीप, पेशा, परम्परा र संस्कृतिको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै उनीहरुको पहिचान अभिवृद्धि हुने किसिमका कार्यक्रमहरू साथै आयआर्जन र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

७९. ज्येष्ठ नागरिकलाई ज्ञान, अनुभव र सामाजिक सम्पदाका रूपमा सम्मान गर्दै पुस्ताबीचको सम्बन्ध सुदृढीकरण, विश्रामस्थल, तीर्थाटन तथा स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरिनेछ। ।

८०. अल्पसंख्यक बोटे, चेपाङ, माझीलगायत समुदायको आवास, जीवनस्तर तथा सांस्कृतिक पहिचानका संरक्षण र प्रवर्द्धन गर्दै समावेशी विकासलाई प्राथमिकता दिइनेछ। ।

८१. बालबालिकाको अधिकार, संरक्षण र सर्वाङ्गीण विकास सुनिश्चित गर्दै बालमैत्री वातावरण निर्माण तथा जोखिममा रहेका बालवालिकाको संरक्षणमा विशेष ध्यान दिइनेछ।

८२. नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूको सम्मानपूर्ण जीवन, समान अवसर, पूर्ण तथा प्रभावकारी सहभागिता, पहुँचयुक्त वातावरण, शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा र निर्णय प्रक्रियामा प्रतिनिधित्व सुनिश्चित गर्न समावेशी तथा अधिकारमुखी नीति अवलम्बन गरी आवश्यक स्रोत, साधन र बजेटको अनिवार्य व्यवस्था गर्नेछ ।

८३. नगरपालिकाले द्वन्द्वपीडित तथा असहाय बालबालिकाको सर्वोत्तम हित, संरक्षण, शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षित आवास, मनोसामाजिक परामर्श तथा समग्र विकास सुनिश्चित गर्न विशेष संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

८४. सामाजिक सुरक्षा भत्ता वितरणका लागि बैंकहरुसँग समन्वय गरी अझ सहज तरिकाले वितरण गर्ने व्यवस्था मिलाइनेछ।

८५. व्यक्तिगत घटनादर्ता समयमानै गराउने वातावरण बनाउन जनप्रतिनिधिहरू, कर्मचारीहरू र अन्य स्थानीय सरोकारवालाहरूको अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ; घटना दर्ता सप्ताह कार्यक्रमलाइ निरन्तरता दिइने छ ।

८६. सामाजिक सुरक्षा भत्ता नलिने स्वघोषणा गर्ने लाभग्राहीलाइ सम्मान गरिनेछ ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

सम्मानित नगर सभाका सदस्यज्यूहरू, अब म पूर्वाधार विकास विषयगत क्षेत्रतर्फको नीति तथा कार्यक्रम पेस गर्न अनुमति चाहन्छु।

८७. **दिगो विकासको मूल आधार, सुरक्षित बलियो पूर्वाधार**: भन्ने नारालाई मूर्त रूप दिनेगरी पूर्वाधार विकासका कार्यक्रमहरू ल्याइनेछ ।

८८. माडी नगरपालिकाको डिजिटल नगर यातायात गुरुयोजना (GIS Based MTMP) अनुसार नालासहित हरियाली सडकको नीति लिई सडक निर्माण तथा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

८९. सङ्घ र प्रदेशसँगको समन्वय, सहकार्य र सह-लगानीमा रिउ करिडोर र माडी चक्रपथ लगायतका दीर्घकालीन महत्वका पूर्वाधारको विकासमा विशेष जोड दिइनेछ ।

९०. पूर्वाधार निर्माणको दिगो र भावी पुस्तामैत्री बनाउन विस्तृत परियोजना प्रतिवेदनलाई पूर्वाधार निर्माणको पूर्व शर्त बनाइनेछ ।

९१. निर्माण कार्यलाई सहज, सरल, दिगो र प्रभावकारी बनाउन उपभोक्ता समितिको जनश्रमदान तथा लागत सहभागितालाई १० प्रतिशत निरन्तरता दिइनेछ।

९२. माडी नगरपालिकाको स्वीकृत भू-उपयोग योजना अनुसार कार्यान्वयनमा ल्याउन सम्वन्धित निकायलाई पहल गरिनेछ।

९३. सार्वजनिक जग्गा उपयोग गर्नका लागि सार्वजनिक जग्गा संरक्षणसम्बन्धी कानुन बनाउनुका साथै कभर्डहल, सार्वजनिक घर, पाटीपौवा, चौताराको संरक्षण गर्ने नीति लिइनेछ।

९४. वार्षिक खरिद योजना बनाई योजना समयमा सम्झौता र सम्पन्न गर्न जोड दिइनेछ।

९५. आर्थिकरूपमा विपन्न, गरिब, सीमान्तकृत तथा लक्षित वर्गलाई सुरक्षित नागरिक आवास निर्माण कार्यलाई निरन्तरता दिइनेछ; साथै हनुमानझुलामा वस्ती विकास तथा विद्युत विस्तारका लागि सङ्घीय सरकारसँग विशेष पहल गरिनेछ ।

९६. हरेक सामाजिक तथा सरकारी संस्थाहरू पूर्णरूपमा अपाङ्गतामैत्री, बालमैत्री र ज्येष्ठ नागरिकमैत्री रूपमा निर्माण गरिनेछ; साथै पुरानालाई सुधार गर्दै लगिनेछ ।

९७. यस आर्थिक वर्षबाट नयाँ घर तथा भवन निर्माण गर्दा घरनक्सा पास प्रक्रियालाई लागू गर्नका लागि वडा तथा नगरपालिकाबाट विद्युत सिफारिस लगायत अन्य सिफारिस दिंदा घरनक्साको प्रमाणपत्र वा घरनक्सा अभिलेखीकरणलाई अनिवार्य गरिनेछ ।

९८. स्थलगत फिल्ड निरीक्षण र अनुगमनका लागि मासिक कार्यतालिका बनाई सोहि अनुरूप कार्य सम्पादन तथा गुणस्तर सुधारतर्फ विशेष पहल गरिनेछ।

९९. सङ्घीय सरकारसँगको समन्वयमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीलाई आवश्यक व्यवस्थापन गरिनेछ ।

१००. सतही सिँचाइ भएका कुलोमुहानलाई मर्मत सम्भार तथा निर्माण गरी दिगो सिँचाइ अवधारणालाई प्रयोगमा ल्याइनेछ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

१०१. पालिका तथा वडास्तरमा सञ्चालन गरिने साना सिँचाइको लागत अनुमान र भुक्तानीको प्रक्रियालाई एकरूपतामा ल्याउन यस पालिकाको "साना सिँचाइ सञ्चालन कार्यविधि,२०७७" अनुसार गर्ने निति लिइनेछ ।

१०२. नगरपालिकाभित्र रहेका हेभी इक्विपमेन्ट र ढुङ्गा तथा बालुवा प्रशोधन प्लान्टको व्यवस्थित ढङ्गबाट सञ्चालन गरिनेछ र क्रसर प्रभावित क्षेत्रको विकासमा आवश्यक योजनाहरू ल्याइनेछ ।

१०३. माडी नगरपालिकामार्फत सञ्चालन गरिने वार्षिक स्वीकृत योजनाहरूमा स्थानीय नदीजन्य सामाग्रीहरूको चितवन राष्ट्रिय निकुञ्ज कार्यालयसँगको सहकार्यमा निरन्तर व्यवस्थापन गरिनेछ ।

१०४. सूचना प्रविधिमैत्री सेवाको विकास गरी छिटो, छरितो र भरपर्दो बनाई कार्यान्वयनमा जोड दिनुका साथै योजनालाई पारदर्शी बनाउन योजना सूचना बोर्ड अनिवार्य रूपमा राख्न लगाइनेछ ।

१०५. सङ्घीयतालाई आत्मसात् गर्दै प्रत्येक टोल/समुदायलाई योजना छनोट गर्न लगाई सोहीबमोजिम अल्पकालीन तथा दीर्घकालीन योजना बनाउन प्रोत्साहन गरिनुका साथै नगरपालिकाको वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा धेरै जनसङ्ख्या र भूगोल समेट्ने गरी ठूला योजना निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

१०६. दिगो विकासको लागि टुक्रे योजनालाई निरुत्साहित गरी ठुला योजनालाई प्रोत्साहित गरिनेछ ।

१०७. भौतिक पूर्वाधार निर्माण कार्य सञ्चालन गर्न ठेक्का प्रक्रियालाई जोड दिँदै उपभोक्ता समितिमार्फत गरिने कार्यलाई टोलविकास संस्थामार्फत सञ्चालन गर्ने; साथै आयोजना कार्यान्वयन प्रक्रियालाई सहज, व्यवस्थित, गुणस्तरीय र पारदर्शी बनाउन उपभोक्ता समितिलाई अभिमुखीकरण तालिम सञ्चालनमा ल्याइनेछ ।

१०८. माडी नगरपालिकाभित्र रु.५ लाखभन्दा माथिका आयोजनाको भौतिक निर्माण कार्य गर्दा अनिवार्यरूपमा ५ वटा फलफूलका बिरुवा रोप्नका लागि प्रोत्साहित गरिनेछ ।

१०९. सार्वजनिक-निजी लागत साझेदारी अवधारणामा योजना तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

११०. निर्माण सम्पन्न भएका पूर्वाधारलाई दिगो व्यवस्थापनका लागि मर्मतसम्भार कोष स्थापना गरिनेछ । मर्मत कोष सञ्चालनका लागि यस सम्वन्धी कार्यविधि तयार गरी लागू गरिनेछ ।

१११. अधुरा र अपूरा योजनाहरू क्रमशः स्रोत साधनको सम्भाव्यता हेरी पूरा गरिनेछ ।

११२. पूर्वाधार क्षेत्रमा कार्य गर्ने कर्मचारीको क्षमता विकास तथा सेवा प्रवाह सुदृढीकरण कार्यक्रम गरिनेछ ।

११३. थारु मौलिकता झल्किने घरहरूलाई संरक्षण र प्रवर्द्धन गर्नका लागि यस आर्थिक वर्षमा निर्माण हुने त्यस्ता घरहरूलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछ र माडी नगरपालिका वडा नं. ३ स्थित सिमरालाई थारु ग्रामको रूपमा विकास गरिनेछ; साथै "एक टोल, एक रंङ्ग" को घर निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

११४. खुल्ला व्यायामशालाहरूको सामग्री आवश्यक स्थानहरूमा जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११५. नगरबाट निर्माण हुने सार्वजनिक भवन (वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकी) को कार्यविधि तयार गरी एकरूपता ल्याउने नीति लिइनेछ ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

नगर सभाका सदस्यज्यूहरू, अब म वन, वातावरण तथा विपद् व्यवस्थापन विषयगत क्षेत्रतर्फको नीति तथा कार्यक्रमहरू पेस गर्न अनुमति चाहन्छु ।

११६. विपद् जोखिम न्यूनीकरण गरौः जलवायु सन्तुलन कायम राखौ भन्ने नारा अनुसारको विपद्जन्य घटनालाई न्युनिकरण गर्दै पूर्व तयारी गर्नेगरी आवश्यक कार्यहरू गरिनेछ ।

११७. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि जोखिमयुक्त क्षेत्रमा तारबार, बत्ती, सचेतना तथा पूर्वसूचना प्रणाली विस्तार गरिनेछ ।

११८. जङ्गली जनावरबाट हुने मानवीय तथा कृषि क्षति न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

११९. सामुदायिक वन तथा सम्बन्धित निकायसँग सहकार्य गरी वन संरक्षण, वन डढेलो नियन्त्रण तथा जैविक विविधता संरक्षणलाई प्रभावकारी बनाइनेछ ।

१२०. "एक नागरिक, एक बिरुवा" अभियानमार्फत वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरिनेछ ।

१२१. प्लास्टिक प्रदूषण न्यूनीकरण तथा वातावरणमैत्री नगर निर्माणका कार्यक्रम सञ्चालन गरिनेछ ।

१२२. ल्याण्डफिल्ड साइट स्यानिटरी पार्कका लागि जग्गा पहिचान गरी विस्तृत परियोजना रिपोर्टका आधारमा पूर्वाधार निर्माण गरी फोहोरमैलाको उचित व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

१२३. बाढी, डुबान, वन डढेलो, चट्याङ तथा वन्यजन्तु आक्रमणलगायतका विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, उद्धार र प्रतिकार्य क्षमताको विकास तथा पूर्वसूचना प्रणाली विस्तार गरी प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

१२४. वडा तथा समुदायस्तरमा विपद् व्यवस्थापन संरचनालाई सुदृढ गर्दै आवश्यक उद्धार सामग्रीको व्यवस्था गरिनेछ ।

१२५. जलवायु परिवर्तन अनुकूलन तथा प्राकृतिक स्रोत संरक्षणका कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

१२६. विद्यालय, युवा तथा समुदायको सहभागितामा वातावरण, वन संरक्षण र विपद् सचेतना अभियान सञ्चालन गरिनेछ ।

१२७. रेवा, डाङ्ग्रे लगायतका नदी-खोलाबाट हुने कटान नियन्त्रण गरी कृषियोग्य भूमि, बस्ती तथा पूर्वाधार संरक्षणका लागि तटबन्धन, जैविक तट संरक्षण तथा नदी नियन्त्रण जस्ता अल्पिकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

सम्मानित सभाका सदस्यज्यूहरू, अब म संस्थागत विकास तथा सुशासन विषयगत क्षेत्रतर्फको नीति तथा कार्यक्रम पेस गर्न अनुमति चाहन्छु ।

१२८. "सुशासन र पारदर्शिताको आधार सूचना प्रविधिको उपयोग नै पहिलो प्राथमिकता" भन्ने मूल नारालाई आत्मसाथ गर्दै सेवा प्रवाहलाई प्रभावकारी बनाई न्यायिक समिति, मेलमिलापकर्ताहरू तथा कर्मचारीहरूको क्षमता विकासमा जोड दिइनेछ ।

१२९. भ्रष्टाचार र अनियमितताका सम्बन्धमा शून्य सहनशीलताको नीति अवलम्बन गर्दै खरिद कार्यलाई छिटो, छरितो र पारदर्शी बनाउन ई-बिडिङ तथा प्रतिस्पर्धात्मक खरिद प्रक्रिया अपनाई मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी

तारा कुमारी काजी महतो
नगर प्रमुख

बनाइनेछ; साथै कार्यालयको काममा नआउने सामाग्रीहरू तथा सवारी साधनहरूको लिलामी प्रक्रिया अगाडि बढाईनेछ ।

१३०. नगरपालिकाको सेवालाई पेपरलेस र फेसलेस बनाउन सूचना प्रविधिको उच्चतम उपयोगमा जोड दिइनेछ ।

१३१. नगरभित्रका तथ्याङ्कहरू व्यवस्थित र वैज्ञानिक बनाउन Real Time Data मा आधारित हुने गरी नगर प्रोफाइल अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ ।

१३२. सेवाग्राहीलाई सहजताका लागि प्रायः सेवाहरू वडा कार्यालयबाटै प्रवाह गर्ने व्यवस्था मिलाइनेछ। वडाबाट प्रवाह हुने सेवालाई क्रमशः विस्तार गर्दै लगिनेछ ।

१३३. ई-हाजिरीलाई नगरपालिका र यसअन्तर्गतका कार्यालयहरूमा अनिवार्य गरिएकोमा यसै वर्षदेखि विद्यालयहरूमा समेत विस्तार गरिनेछ ।

१३४. वित्तीय अनुशासन कायम गर्न चालू खर्च घटाउने र पूँजीगत खर्चमा वृद्धि गर्ने नीति लिइनेछ । वित्तीय अनुशासन कायम राख्न आन्तरिक नियन्त्रण प्रणालीको पूर्ण कार्यान्वयन गर्नुका साथै सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता क्रियाकलापहरूको सञ्चालनलाई निरन्तरता दिइनेछ।

१३५. नगरपालिका क्षेत्रभित्र रहेको सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम नगरपालिकाको सञ्चित कोष खातामा अनिवार्य जम्मा गराउने व्यवस्था मिलाइनेछ ।

१३६. करको दायरामा नआएका उद्योग व्यवसायहरूले २०८३ पौष मसान्तभित्र दर्ता हुन आएमा विशेष छुटको व्यवस्था गरिनेछ ।

१३७. करदाताहरूको गुनासोलाई मध्यनजर गर्दै करको दायरमा विस्तार तथा भूमिकर/मालपोत करको दररेटलाई पुनर्विचार गरिनेछ ।

१३८. उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ; साथै करदाता शिक्षा कार्यक्रमलाई अभियानका रूपमा संचालन गरिनेछ ।

१३९. लेखा समितिलाई सक्रिय बनाई विगत आर्थिक वर्षका बेरुजु फछ्र्यौट गर्न आन्तरिक लेखा परीक्षण इकाइ मार्फत् पुराना बेरुजुहरू फछ्र्यौट गरिनेछ ।

१४०. चालु आर्थिक वर्षमा सुरु गरिएको व्यक्तिगत तथा व्यापारिक स्थायी लेखा नम्बर दर्ता एवम् कार्ड वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

१४१. बढ्दो सवारी दुर्घटना तथा विभिन्न अपराधी क्रियाकलापहरूलाई नियन्त्रण गर्न नम्बर डिटेक्सन सहितको सि.सि. क्यामेरा जडान गरिनेछ ।

१४२. खोज पत्रकारितामा जोड दिन स्थानीय पत्रकारहरूको क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१४३. टोल विकास संस्थाहरू मार्फत सामाजिक परिचालनको नीतिलाई आत्मसाथ गर्दै आर्थिक सम्वृद्धिका लागि सामाजिक परिचालन एक उत्पादनको नीति अवलम्बन गरिनेछ ।

१४४. नगरभित्र सामाजिक रूपमा सक्रिय सङ्घसंस्थासँगको साझेदारीलाई सुदृढ बनाउन आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनुका साथै उत्कृष्ट सङ्घसंस्थाहरूलाई पुरस्कृत गरिनेछ ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

नगर सभाका सदस्यज्यूहरू,

अन्तमा, माडी नगरपालिकाको दिगो समृद्धि र विकासका लागि सङ्घीय सरकार, प्रदेश सरकार, सम्पूर्ण राजनीतिक दलहरू, सङ्घसंस्थाहरू, अन्तर्राष्ट्रिय सहयोगी संस्थाहरू, निर्माण व्यवसायीहरू, सेवा प्रदायकहरू, पत्रकारहरू तथा सम्पूर्ण सरोकारवालाहरूबाट निरन्तर सहयोग, सहकार्य र समन्वयको अपेक्षा गर्दछु। माडी नगरको प्रगतिमा सक्रिय योगदान पुर्याउनुहुने सम्पूर्ण राजनीतिक दलहरू, सरकारी निकायहरू, उद्योग वाणिज्य सङ्घ, उद्योग सङ्घ, नागरिक समाज, बौद्धिक वर्ग, निर्माण व्यवसायीहरू, सप्लायर्सहरू, पत्रकारहरू, सञ्चार संस्थाहरू लगायतका सरकारी तथा गैरसरकारी संस्थाहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । आगामी आर्थिक वर्ष ०८३/८४ को यस नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुर्याउनुहुने सम्पूर्ण सङ्घसंस्थाहरू, बुद्धिजीवीहरू, सरोकारवालाहरू, नागरिक समाज, जनप्रतिनिधि एवं राष्ट्रसेवक कर्मचारीप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । हामी सबैको साझा प्रयास र सद्भावले यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयन हुने विश्वास लिएको छु ।

धन्यवाद ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

आज मिति २०८३ साल असार १० गते बुधबार दिउसो ०२:०० बजे माडी नगरपालिका, नगर कार्यपालिका कार्यालयको सभाहल, बसन्तपुर, चितवनमा माडी नगरपालिकाको नगर प्रमुख श्री तारा कुमारी काजी महतोज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा चितवन जिल्ला स्थित माडी नगरपालिकाको नगर सभाको १८ औं अधिवेशन बैठक बसियो।

## उपस्थिति

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तारा कुमारी काजी महतो | नगर प्रमुख | |
| २ | खेम प्रसाद महतो | नगर उपप्रमुख | |
| ३ | डण्डपाणी पौडेल | नगर प्रवक्ता तथा वडाध्यक्ष, वडा नं. २ | |
| ४ | अमित कुमार लामा | वडाध्यक्ष, वडा नं. १ | |
| ५ | पुरन महतो | वडाध्यक्ष, वडा नं. ३ | |
| ६ | माधव प्रसाद चापागाई | वडाध्यक्ष, वडा नं. ४ | |
| ७ | गणेश प्रसाद विश्वकर्मा | वडाध्यक्ष, वडा नं. ५ | |
| ८ | दीपेन्द्र राज पौडेल | वडाध्यक्ष, वडा नं. ६ | |
| ९ | चन्द्र कुमारी बानियाँ | वडाध्यक्ष, वडा नं. ७ | |
| १० | बिरेन्द्र बहादुर भण्डारी | वडाध्यक्ष, वडा नं. ८ | |
| ११ | घनश्याम दवाडी | वडाध्यक्ष, वडा नं. ९ | |
| १२ | रिचा सुनार | कार्यपालिका सदस्य | |
| १३ | सविता महतो | कार्यपालिका सदस्य | |

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | लक्ष्मी देवी भण्डारी | कार्यपालिका सदस्य | [signature] |
| १५ | सीता सुवेदी | कार्यपालिका सदस्य | [signature] |
| १६ | बिना थापा | कार्यपालिका सदस्य | [signature] |
| १७ | सन्तोष प्रसाद बोट | कार्यपालिका सदस्य | [signature] |
| १८ | कमल बहादुर भुजेल | कार्यपालिका सदस्य | [signature] |
| १९ | राज कुमार प्रजा | कार्यपालिका सदस्य | |
| २० | जय नारायण लामिछाने | वडा सदस्य, वडा नं . १ | [signature] |
| २१ | दिपेन्द्र महतो | वडा सदस्य, वडा नं . १ | [signature] |
| २२ | गुना धमला लोहार | वडा सदस्य, वडा नं . १ | |
| २३ | अप्सरा सुवेदी | वडा सदस्य, वडा नं . १ | |
| २४ | फागुराम महतो | वडा सदस्य, वडा नं . २ | [signature] |
| २५ | मनी कुमारी महतो | वडा सदस्य, वडा नं . ३ | [signature] |
| २६ | पृथ्वी चौधरी | वडा सदस्य, वडा नं . ३ | [signature] |
| २७ | हरिकला सुनार | वडा सदस्य, वडा नं . ३ | [signature] |
| २८ | सुकदेव लामिछाने | वडा सदस्य, वडा नं . ३ | [signature] |
| २९ | शंकर बहादुर कार्की | वडा सदस्य, वडा नं . ४ | [signature] |
| ३० | तारा सुनार | वडा सदस्य, वडा नं . ४ | तारा |
| ३१ | धर्मलाल देवकोटा | वडा सदस्य, वडा नं . ४ | [signature] |
| ३२ | फिरल प्रसाद महतो | वडा सदस्य, वडा नं . ५ | [signature] |

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ३३ | ईन्द्र प्रसाद चापागाई | वडा सदस्य, वडा नं . ५ | |
| ३४ | वाल कुमारी सुवेदी | वडा सदस्य, वडा नं . ५ | |
| ३५ | बाटुली सुनार | वडा सदस्य, वडा नं . ५ | |
| ३६ | धन वहादुर कामी | वडा सदस्य, वडा नं . ६ | |
| ३७ | पूर्णकला सुनार | वडा सदस्य, वडा नं . ६ | |
| ३८ | भगवती पौडेल | वडा सदस्य, वडा नं . ६ | |
| ३९ | नारायण पावे | वडा सदस्य, वडा नं . ६ | |
| ४० | ढाकामोहन तिमिल्सिना | वडा सदस्य, वडा नं . ७ | |
| ४१ | गीता देवी वि.क. | वडा सदस्य, वडा नं . ७ | |
| ४२ | जीत बहादुर शाही | वडा सदस्य, वडा नं . ८ | |
| ४३ | अनिता आचार्य | वडा सदस्य, वडा नं . ८ | |
| ४४ | ज्ञानुमाया गायक | वडा सदस्य, वडा नं . ८ | |
| ४५ | सन्दिप कुमार श्रेष्ठ | वडा सदस्य, वडा नं . ८ | |
| ४६ | नारायणदत्त अधिकारी | वडा सदस्य, वडा नं . ९ | |
| ४७ | हरिमाया वि.क. | वडा सदस्य, वडा नं . ९ | |
| ४८ | मोहन सिंह स्याङ्गतान | वडा सदस्य, वडा नं . ९ | |
| ४९ | जगत प्रसाद भुसाल | सचिव | |
| ५० | बाबुराम सुवेदी<br>आमन्त्रित सदस्य | जि.स.स.सदस्य | |

## १८ औ नगरसभाको दोस्रो बैठकका निर्णयहरु

निर्णय नं.१. नगर उप्रमुख श्री खेम प्रसाद महतोज्युबाट नगरसभामा पेश गर्नुभएको भएको अर्थ विधेयक२०८३ लाई स्वीकृती गर्ने ।

निर्णय नं.२. माडी नगरपालिकाको मध्यमकालिन खर्च संरचना (२०८३/८४-०८५/०८६) लाई अनुमोदन गर्ने ।

निर्णय नं.३. नगर उप्रमुख श्री खेम प्रसाद महतोले पेश गर्नुभएको माडी नगरपालिकाको विनियोजन विधेयक२०८३ र माडी नगरपालिकाको आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

निर्णय नं.४. माडी नगरपालिकाको देहाय अनुसारको आफ्नो छुट्टै लोगो स्वीकृती~~को लागि नगरसभामा पेश~~ गर्ने।

निर्णय नं.५. माडी नगरपालिकाको १८ औं नगरसभाको तेस्रो बैठक २०८३ असार १९ गते दिनको १ बजे नगरपालिकाको सभाहलमा बस्नेगरी आहान गर्ने।

तारा कुमारी काजी महतो
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७२

आज मिति २०८३ साल असार २७ गते शनिवार दिउसो १:०० बजे माडी नगरपालिका, नगर कार्यपालिका कार्यालयको सभाहल, बसन्तपुर, चितवनमा माडी नगरपालिकाको नगर प्रमुख श्री तारा कुमारी काजी महतोज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा चितवन जिल्ला स्थित माडी नगरपालिकाको नगर सभाको १८ औं अधिवेशन बैठक बसियो।

उपस्थिति

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तारा कुमारी काजी महतो | नगर प्रमुख | |
| २ | खेम प्रसाद महतो | नगर उपप्रमुख | |
| ३ | डण्डपाणी पौडेल | नगर प्रवक्ता तथा वडाध्यक्ष, वडा नं. २ | |
| ४ | अमित कुमार लामा | वडाध्यक्ष, वडा नं. १ | |
| ५ | पुरन महतो | वडाध्यक्ष, वडा नं. ३ | |
| ६ | माधव प्रसाद चापागाई | वडाध्यक्ष, वडा नं. ४ | |
| ७ | गणेश प्रसाद विश्वकर्मा | वडाध्यक्ष, वडा नं. ५ | |
| ८ | दीपेन्द्र राज पौडेल | वडाध्यक्ष, वडा नं. ६ | |
| ९ | चन्द्र कुमारी बानियाँ | वडाध्यक्ष, वडा नं. ७ | |
| १० | बिरेन्द्र बहादुर भण्डारी | वडाध्यक्ष, वडा नं. ८ | |
| ११ | घनश्याम दवाडी | वडाध्यक्ष, वडा नं. ९ | |
| १२ | रिचा सुनार | कार्यपालिका सदस्य | |
| १३ | सविता महतो | कार्यपालिका सदस्य | |

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| १४ | लक्ष्मी देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १५ | सीता सुवेदी | कार्यपालिका सदस्य | |
| १६ | बिना थापा | कार्यपालिका सदस्य | |
| १७ | सन्तोष प्रसाद बोट | कार्यपालिका सदस्य | |
| १८ | कमल बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १९ | राज कुमार प्रजा | कार्यपालिका सदस्य | |
| २० | जय नारायण लामिछाने | वडा सदस्य, वडा नं . १ | |
| २१ | दिपेन्द्र महतो | वडा सदस्य, वडा नं . १ | |
| २२ | गुना धमला लोहार | वडा सदस्य, वडा नं . १ | |
| २३ | अप्सरा सुवेदी | वडा सदस्य, वडा नं . १ | |
| २४ | फागुराम महतो | वडा सदस्य, वडा नं . २ | |
| २५ | मनी कुमारी महतो | वडा सदस्य, वडा नं . ३ | |
| २६ | पृथ्वी चौधरी | वडा सदस्य, वडा नं . ३ | |
| २७ | हरिकला सुनार | वडा सदस्य, वडा नं . ३ | |
| २८ | सुकदेव लामिछाने | वडा सदस्य, वडा नं . ३ | |
| २९ | शंकर बहादुर कार्की | वडा सदस्य, वडा नं . ४ | |
| ३० | तारा सुनार | वडा सदस्य, वडा नं . ४ | तारा |
| ३१ | धर्मलाल देवकोटा | वडा सदस्य, वडा नं . ४ | |
| ३२ | फिरल प्रसाद महतो | वडा सदस्य, वडा नं . ५ | |

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ३३ | ईन्द्र प्रसाद चापागाई | वडा सदस्य, वडा नं . ५ | |
| ३४ | बाल कुमारी सुवेदी | वडा सदस्य, वडा नं . ५ | |
| ३५ | बाटुली सुनार | वडा सदस्य, वडा नं . ५ | |
| ३६ | धन बहादुर कामी | वडा सदस्य, वडा नं . ६ | |
| ३७ | पूर्णकला सुनार | वडा सदस्य, वडा नं . ६ | |
| ३८ | भगवती पौडेल | वडा सदस्य, वडा नं . ६ | |
| ३९ | नारायण पावे | वडा सदस्य, वडा नं . ६ | |
| ४० | ढाकामोहन तिमिल्सिना | वडा सदस्य, वडा नं . ७ | |
| ४१ | गीता देवी वि.क. | वडा सदस्य, वडा नं . ७ | |
| ४२ | जीत बहादुर शाही | वडा सदस्य, वडा नं . ८ | |
| ४३ | अनिता आचार्य | वडा सदस्य, वडा नं . ८ | |
| ४४ | ज्ञानुमाया गायक | वडा सदस्य, वडा नं . ८ | |
| ४५ | सन्दिप कुमार श्रेष्ठ | वडा सदस्य, वडा नं . ८ | |
| ४६ | नारायणदत्त अधिकारी | वडा सदस्य, वडा नं . ९ | |
| ४७ | हरिमाया वि.क. | वडा सदस्य, वडा नं . ९ | |
| ४८ | मोहन सिंह स्याङ्गतान | वडा सदस्य, वडा नं . ९ | |
| ४९ | जगत प्रसाद भुसाल | सचिव | |
| ५० | बाबुराम सुवेदी<br>आमन्त्रित सदस्य | जि.स.स.सदस्य | |

माडी नगरपालिका
कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

# १८ औं नगरसभाको तेस्रो बैठकको निर्णयहरु

निर्णय नं.१.माडी नगरपालिकाको न्यायीक समिति, विधायन समिति, लेखा समिति र सुशासन तथा संस्थागत विकास समितिको आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन स्वीकृत गर्ने ।

निर्णय नं.२. आ.व. २०७५/०७६ देखि आ.व. २०८२/८३ सम्मको यसैसाथ संलग्न अनुसारको म.ले.प. प्रतिवेदनहरुद्धारा औंल्याईएका बेरुजु रकम सम्परिक्षणको लागि लेखा समितिको सिफारीस बमोजिम पेश गरिएको यसैसाथ संलग्न बमोजिमको विवरण स्वीकृत गर्ने ।

निर्णय नं.३. माडी नगरपालिकाको संगठन तथा व्यवस्थापन प्रतिवेदन-२०८३ लाई स्वीकृत गर्ने।

निर्णय नं.४. माडी नगरपालिका बाट गरिने बजार अनुगमन ऐन-२०८३ लाई स्वीकृत गर्ने ।

तारा कुमारी काजी महतो
नगर प्रमुख